# देवाही गोनाही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पेमपुर, गोनाही, रौतहट
प्रदेश नं. २ (नेपाल)

प.स. ०७६/०७७
च.नं.

---

**विषयः खाद्यान्न सामान आपुर्तिको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशीत मिति२०७७/०२/०६

प्रस्तुत विषयमा कोरोना भाईरस (COVID-19 को कारण प्रभावीत मजदुर, श्रमीक, गरीब, तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण गर्नका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम तपसिल अनुसारका समानहरु खरिद गर्नुपर्ने भएकोले यस सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही इजाजत प्राप्त इच्छुक फर्म, संस्था, कम्पनि सरकारी सर्वजनिक संस्थानहरुबाट सप्लाई गर्न प्रति प्याकेज के कति दररेटमा (मु.अ.कर बाहेक) उपलव्ध गराउन सकिन्छ साथै ढुवानी तथा प्याकिङ्ग खर्च समेत खुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र लिखित दरभाउ वा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

सप्लाई गर्नु पर्ने सामान सम्बन्धी विवरणः-

प्रत्येक प्याकेजमा सामावेश हुने सामानहरुको विवरणः

कुल लइ रकम रु (ढुवानी तथा प्याकेजिङ्ग सहित) ४१७३७११।५० (भ्याट वाहेक)

| सि.नं. | सामानको नाम | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | सोना मन्सुलि चामल | किलो | २५ | |
| २ | मसुरो दाल | किलो | २ | |
| ३ | नुन | किलो | २ | |
| ४ | खाने तेल तोरीको | लिटर | १ | |
| ५ | बेसार पाउडर प्याकेट | ग्राम | २०० | |

**शर्तहरु:**

१) आपूर्तिकर्तले चालु आ.व. सम्मको नविकरण समेत रहेका कम्पनी,फर्म दर्ता प्रामाण पत्रको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.०७५/०७६ सम्मको कर चुक्ताको प्रतिलिपि दरभाउ पत्र वा प्रस्ताव साथ पेश गर्नुपर्नेछ । प्रो. स्वंएम उपस्थित हुन नसकेमा निजको अधिकारी मन्जुरीनामा समेत पेश गनुपर्नेछ ।

२०७७/२/६

प्रमुख प्रशासकीय अधिकृत

२) प्रथम पटक सूचना प्रकाशित मितिले ५ दिन कार्यालय समय भित्र दरभाउ पत्र वा प्रस्ताव पेश गरी सक्नु पर्नेछ ।

३) आपूर्तिकर्ताले कबुल गरेका प्रति प्याकेज दररेट कर सहितको दररेट अंक र अक्षर दुबैमा र नेपालि मुद्रामा प्रष्ट रुपमा लेखिएको हुनु पर्दछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्याता दिइनेछ साथै कुल कबुल ईकाई दर रकम एकाई दर अनुसार नमिलेको पाईएमा दरलाई मान्याता दिइनेछ ।केरमेट भएको ठाउँमा दस्तखत हुनु पर्नेछ ।

४) आपूर्तिकर्ताले प्रस्ताव वा दरभाउपत्र पेश गर्दा दाताको नाम, ठेगाना,ईमेल,मोबाईल नं. समेत स्पष्ट रुपमा खुलाउनुपर्ने छ।

५) दरभाउ पत्र वा प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

६) स्वीकृत भएको सप्लायर्सले चामलको बोरा बाहेक अन्य सामानहरुलाई एउटै थैलिमा राखी सबै सामान कार्यालय सम्म आपूर्ति गर्नुपर्ने छ ।

७) खाधान गुणस्तरयुक्त हुनुपर्नेछ सो नभएमा सोको भुक्तानी हुने छैन।

८) सम्झौता भएको मितिले ५ दिन भित्र सम्बन्धित सप्लायर्सले कार्यालयमा समान पुर्याई सक्नु पर्ने छ।

९) कर लागने सामानको कर,ढुवानी,थैली,प्याकिंग खर्च समेतको रकम सप्लायर्सले दरभाउ पत्र वा प्रस्ताव मै समावेश गरि पेश गर्नु पर्ने हुनाले प्रस्तावित प्रति प्याकेज दर रेटमा नियामानुसार लागने मु.अ. कर बाहेक अन्य कुनै रकम दाबी गर्न पाउने छैन।

१०) प्रचलित कानून बमोजिम कालो सूचिमा नपरेको हुनुपर्नेछ छ।

११) यो खरिद कारवाही कार्यालयले चाहेमा जुन सुकै समयमा रद गर्न सक्ने छ।

१२) थप जानकारिको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राखु हुन वा कार्यालयको सम्पर्क नं. ९८४५१३५१७८ मा सम्पर्क गर्नु हुन जानकारि गराईन्छ। साथै यो सूचना यस कार्यालयको वेबसाइट www.dewahigonahimun.gov.np मा हेर्न सकिने छ।

१३) यो सूचना संग सम्बन्धीत कामले कार्यालयमा आउँदा वा सामान सप्लाई र ढुवानी गर्दा नेपाल सरकारले कोरोना भईरस माहामारिबाट बाच्न अपनाउनु पर्ने तोकेको साबधानिका उपायहरु अनिवार्य रुपमा अवलम्वन गर्नुपर्नेछ ।

१४) सूचनामा उल्लेख नभएको कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१५) आपूर्ति गर्नुपर्ने समानको परिमाणमा बजेटको हिसाबले थप घट हुन सक्नेछ।

१६) लगत अनुमानको रकम रु ४१७३७११।५० (भ्याट वाहेक) रहेको छ ।

१७) सप्लाइ गर्नुपर्ने प्याकेजको परिमाण २४२२ प्याकेज ।

१८) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुने छ।

२०७७।४।२६

विजय कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
देवाही गोनाही नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत